"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खाँदबारी, संखुवासभा

कोशी प्रदेश,
नेपाल

प.सं.: २०८२/८३
च.नं.: २७६३

मिति -२०८२/११/२७

विषय- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।

यो जोसँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा संखुवासभा जिल्ला खाँदबारी नगरपालिका अन्तर्गतको श्री कालिका माध्यमिक विद्यालय खाँदबारी ४ सेकाहामा रिक्त रहेको नि.मा.शि. तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रकृया बढाइदिन भनी विद्यालयको च.नं. ७२ मिति २०८२/११/२७ गतेको पत्रबाट अनुरोध भई आएको हुँदा सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा आफू कार्यरत रहेको विद्यालय, स्थानीय तह तथा सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा वा खाँदबारी नगरपालिकाकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निबेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः तोकिएको म्यादभित्र विद्यालयको e-mail: sekahakalika@gmail.com वा खाँदबारी नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखाको education.khandbarimun@gamil.com मार्फत पनि निवेदन पेश गर्न सकिनेछ साथै समयभित्र प्राप्त नभएका वा रीत नपुगी प्राप्त भएका आवेदन माथि कुनै कार्यवाही हुनेछैन ।

..........................................

दीपकमणि घिमिरे
नगर शिक्षा अधिकृत (आठौं तह)
शिक्षा, युवा तथा खेलकुद शाखा

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमूख- ३४१, प्रमुख २५४
वेबसाइटः www.khandbarimun.gov.np ईमेलः khandbari.mun@gmail.com